बेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: २०८१।०८२ च.नं. राजश्व शाखा/.......... मितिः २०८२।०३।३१

**(आर्थिक वर्ष २०८२।०८३ का लागि नदीजन्य निर्माण सामाग्रीहरु संकलन तथा विक्री कार्यको लागि दरभाउ-पत्र आव्हान गरिएको सम्बन्धी)**

# सूचना ! सूचना !! सूचना !!!

**(प्रथम पटक प्रकाशित मितिः २०८२।०३।३१)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क र यस बेसीशहर नगरपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधि २०७४ को व्यवस्था बमोजिम आर्थिक वर्ष २०८२।०८३ मा बेसीशहर नगरपालिका क्षेत्रभित्र रहेका खोला तथा नदीहरुबाट नदीजन्य निर्माण सामाग्रीहरु संकलन तथा विक्री कार्यको लागि तपसिल बमोजिमका स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम निर्माण सामाग्री संकलन गरी यस नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०।८१ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही दरभाउ-पत्र प्रकियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np वा कार्यालयको वेवसाईट www.besishaharmunicipality.gov.np मा हेर्न सकिनेछ तथा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

**तपसिल**

| क्र. सं. | सूचना नं./ दरभाउ-पत्र नं. | दरभाउ-पत्रको बिबरण | वडा नं. | संकलन परिमाण (घ। मि।) | न्यूनतम ठेक्का रकम (मू.अ.कर बाहेक) | धरौटी रकम | दरभाउ-पत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| १. | Besishaharmun/ Revenue/SQ/ 082/83/03 | बेलौती विसौना खण्ड (क) (डिलबहादुर रिमालको जग्गा अगाडिको खण्ड) | ६ | १६०० | ५१०००० | कबोल अंकको ५ प्रतिशत | १००० |
| २. | Besishaharmun/ Revenue/SQ/ 082/83/04 | बेलौती विसौना खण्ड (ख) (ओमबहादुर रिमालको जग्गा अगाडिको खण्ड ) | ६ | ९०० | २९०००० | कबोल अंकको ५ प्रतिशत | १००० |
| ३. | Besishaharmun/ Revenue/SQ/ 082/83/05 | बेलौती विसौना खण्ड (ग) (चन्द्रबहादुर रिमालको जग्गा अगाडिको खण्ड) | ६ | ८०० | २६०००० | कबोल अंकको ५ प्रतिशत | १००० |
| ४. | Besishaharmun/ Revenue/SQ/ 082/83/06 | बेलौती विसौना खण्ड (घ) (गोविन्द बस्नेतको जग्गा अगाडिको खण्ड ) | ६ | १८०० | ५८०००० | कबोल अंकको ५ प्रतिशत | १००० |

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

| क्र. सं. | सूचना नं./ दरभाउ-पत्र नं. | दरभाउ-पत्रको बिबरण | वडा नं. | संकलन परिमाण (घ। मि।) | न्यूनतम ठेक्का रकम (मू.अ.कर बाहेक) | धरौटी रकम | दरभाउ-पत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| ५. | Besishaharmun/ Revenue/SQ/ 082/83/07 | बेलौती विसौना खण्ड (ङ) (टिकाराम राउतको जग्गा अगाडिको खण्ड) | ६ | १४०० | ४५०००० | कबोल अंकको ५ प्रतिशत | १००० |
| ६. | Besishaharmun/ Revenue/SQ/ 082/83/08 | लेतेफाँट खण्ड (तालखोला दोभानदेखि मर्स्याङ्दी गाँउपालिकाको सिमानासम्म) | १० | ४०० | १३०००० | कबोल अंकको ५ प्रतिशत | १००० |
| ७. | Besishaharmun/ Revenue/SQ/ 082/83/09 | खासुर अक्कर खण्ड क (बेलौती बिसौना पारिपट्टी झोपु तलको भाग) | १० | २२५० | ७१५००० | कबोल अंकको ५ प्रतिशत | १००० |
| ८. | Besishaharmun/ Revenue/SQ/ 082/83/10 | खासुर अक्कर खण्ड ख (खासुर खासुर अक्कर खंण्ड क देखि तल घुम्ती माथी भाग) | १० | २८०० | ८९०००० | कबोल अंकको ५ प्रतिशत | १००० |
| ९. | Besishaharmun/ Revenue/SQ/ 082/83/11 | भोटेफाँट खण्ड (भोटेफाँट झोपुदेखि तल अक्करदेखि माथिको भाग) | १० | ९०० | २९०००० | कबोल अंकको ५ प्रतिशत | १००० |
| १०. | Besishaharmun/ Revenue/SQ/ 082/83/12 | पुवाखोला दोभान खण्ड (पुवाखोला दोभान क्षेत्र) | ६ र ७ | ७०० | २२५००० | कबोल अंकको ५ प्रतिशत | १००० |
| ११. | Besishaharmun/ Revenue/SQ/ 082/83/13 | रानीकुवा टापु मुनिको खण्ड (रानीकुवा मरन घाटको माथिल्लो र तल्लो खण्ड) | ३ | ३००० | ९६०००० | कबोल अंकको ५ प्रतिशत | १००० |
| १२. | Besishaharmun/ Revenue/SQ/ 082/83/14 | आँपचौर खण्ड (आँपचौर मुनिको भाग ) | १० | १००० | ३२०००० | कबोल अंकको ५ प्रतिशत | १००० |
| १३. | Besishaharmun/ Revenue/SQ/ 082/83/15 | बोहोराबेसी मुनिको खण्ड (वोहोराबेसी बगरमुनीको भाग) | २ | ५०० | १६०००० | कबोल अंकको ५ प्रतिशत | १००० |

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

| क्र. सं. | सूचना नं./ दरभाउ-पत्र नं. | दरभाउ-पत्रको बिबरण | वडा नं. | संकलन परिमाण (घ। मि।) | न्यूनतम ठेक्का रकम (मू.अ.कर बाहेक) | धरौटी रकम | दरभाउ-पत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| १४. | Besishaharmun/ Revenue/SQ/ 082/83/16 | भकुण्डे थुम्कामुनीको खण्ड (भकुण्डे थुम्कामुनी बगरघाट) | २ | ५०० | १६०००० | कबोल अंकको ५ प्रतिशत | १००० |
| १५. | Besishaharmun/ Revenue/SQ/ 082/83/17 | गैरी वगर घाट (सुन्दरबजार न.पा. को सीमाना साधँखोलाको माथिल्लो भाग) | १ | ९०० | २९०००० | कबोल अंकको ५ प्रतिशत | १००० |
| १६. | Besishaharmun/ Revenue/SQ/ 082/83/18 | दोर्दी खोला क्षेत्र (दोर्दी र मर्स्याङदी नदी दोभान) | ११ | ३००० | ९५५००० | कबोल अंकको ५ प्रतिशत | १००० |
| १७. | Besishaharmun/ Revenue/SQ/ 082/83/19 | नाल्मा मिदिम खोला क्षेत्र (मिदिमखोला वारिपटीको भाग) | ५ | ३२० | ११०००० | कबोल अंकको ५ प्रतिशत | १००० |

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

**बेसीशहर नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**बेसीशहर, लमजुङ**

**गण्डकी प्रदेश, नेपाल**

**सूचनाका शर्तहरु:**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०।८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, दरभाउ-पत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बेसीशहरमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ग-१-१ ३०४०१००३०१०१०००२ मा नगद जम्मा गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १६औं दिनको दिउँसो १२:०० बजे भित्र (मिति: २०८२।०४।१५) सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np बाट दरभाउ-पत्र सम्वन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको दरभाउ-पत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई दरभाउ-पत्र सम्वन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। दरभाउ-पत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. दरभाउ-पत्र सम्वन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । दरभाउ-पत्र को मान्य अवधि बोलपत्र खोलिने मितिबाट ४५ दिनको हुनुपर्नेछ। आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बेसीशहरमा रहेको यस कार्यालयको धरौटी खाता नं. ग-३ ३०४०१००३०३००००२ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा दरभाउ-पत्र नं. र नाम उल्लेख गरी दरभाउ-पत्र खोलिने मितिबाट ७५ दिनको म्याद सहित जारी गरिएको बिड बण्ड साथ अपलोड गर्नु पर्नेछ ।

३. दरभाउ-पत्र फाराममा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउ-पत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, दरभाउ-पत्र विवरण, प्रोप्राइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको १२:०० बजे भित्र (मिति: २०८१।०४।१५) सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np मा विद्युतीय प्रति अपलोड गर्नु पर्नेछ ।

४. रितपूर्वक पर्न आएका दरभाउ-पत्र सम्वन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको (मिति: २०८२।०४।१५) १:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै दरभाउ-पत्रदाता वा निजको प्रतिनिधि दरभाउ-पत्र खोल्ने समयमा उपस्थित नभएमा पनि दरभाउ-पत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्ते पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले ७ औं दिन दिनको १:०० बजे (मिति: २०८२।०४।०६) यस नगरपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक दरभाउ-पत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।



Scanned with CamScanner

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

६. दरभाउ-पत्र सम्बन्धी विस्तृत जानकारी दरभाउ-पत्र फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। रीत नपुगी वा शर्तसहित पेश हुन आएका दरभाउ-पत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। दरभाउ-पत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. दरभाउ-पत्र स्वीकृत भएमा सोको सूचना पाएको वा सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत ५०%ले हुने रकम र आफुले कबोल गरेको अंकको नियमानुसार थप १३% भ्याट रकम र आयकर तथा अन्य तिर्नु बुझाउनु पर्ने रकम र करहरु समेत यस कार्यालयमा जम्मा गरी सम्झौताका लागि उपस्थित हुनुपर्नेछ। कबोल अंकको पुरै रकम बुझाउने भएमा न्यूनतम दरभाउ-पत्र अंक बाहेकको कबोल रकममा १०% छुट दिइनेछ। दोस्रो किस्ता बापतको ५०% ले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८३ साल असोज मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) पेश गरेपश्चात मात्र ठेक्का सम्झौता गरिनेछ। दोस्रो किस्ता बापतको रकम २०८२ साल चैत मसान्त भित्र बुझाइ सक्नुपर्नेछ अन्यथा बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) बाट अशुल उपर गरिनेछ।

८. तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा दरभाउ-पत्र पेश भएको बखत राखिएको धरौटी रकम (विड वण्ड) जफत गरी नियमानुसार दरभाउ-पत्र बन्दोवस्त गरिनेछ।

९. प्रचलित नियमानुसार कालो सुचीमा परेका र नगरपालिकालाई बुझाउनु पर्ने बाकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुले पेश गरेका दरभाउ-पत्र फाराम उपर कुनै कारवाही हुने छैन।

१०. यस सुचनामा उल्लेख भएका शर्तहरु ठेक्काको सम्झौता प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छन्। यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन, नियम बमोजिम हुनेछ। अन्य सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

११. यस नगरपालिकाका खोला तथा नदीहरुको संकलन क्षेत्र र संकलन परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, ढुङ्गा, गिटी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ (पहिलो संशोधन, २०७९ समेत), वातावरण संरक्षण ऐन तथा नियमावली, यस वेसीशहर नगरपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधि, २०७४, यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) २०८२, नदीजन्य निर्माण सामाग्री उपयोग सम्वन्धमा भएका अध्ययन प्रतिवेदन एवं अन्य प्रचलित कानूनहरु सम्झौताको लागि अभिन्न अंग मानिनेछ।

चेतनाथ अर्याल
प्र.प्र.अ.

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner